सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८२/०८३

च.नं: १३५ ६८

मितिः २०८३।०१।०७

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु ।

सरुमारानी गाउँपालिका, प्यूठान ।

बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८३।०१।०४ गतेको बैठकको निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

2082|01|06

नि.प्रमुख प्रशासकीय अधिकृत

..............................

(शम्भुराज आचार्य)

नि. प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल
कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np
Email :sarumarani2073@gmail.com

बैठक संख्या-७७

मिति २०८३।०१।०४ गते

गाउँकार्यपालिकाको सतहत्तरौं बैठकका प्रस्तावहरु:

१. प्रदेश समपुरक योजनाको प्रस्ताव सम्बन्धमा ।

२. प्रदेश विशेष अनुदान योजनाको प्रस्ताव सम्बन्धमा ।

३. जग्गा प्राप्ती सम्बन्धमा ।

४. हेफर साझेदारी कार्यक्रमको पत्र सम्बन्धमा ।

५. गाईभैसी प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।

६. बिबिध सम्बन्धमा।

- सरकारी/सार्वजनिक जग्गाको विवरण सम्वन्धमा ।
- स्वास्थ्य संस्थाको खानेपानी मर्मत संभार सम्वन्धमा ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

बैठक संख्या-७७
मितिः २०८३।१।०४ गते
## गाउँकार्यपालिकाको सतहत्तरौं बैठकका निर्णयहरु

**निर्णय नं. १ प्रदेश समपुरक अनुदान योजनाको प्रस्ताव सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा लुम्बिनी प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयको च.न. ६१९ मिति २०८२।१२।२७ गते पत्र अनुसार आ.व. २०८३।०८४ का लागि प्रदेश समपुरक अनुदान योजना अन्तरगत तपशिल बमोजिमका योजनाहरुको प्रस्ताव पेश गर्ने र समपुरक योजनाको लागि गाउँपालिकाले व्यहोर्नु पर्ने ५० प्रतिशत साझेदारी रकम व्यहोर्ने प्रतिबद्धता व्यक्त गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम | कुल बजेट | गाउँपालिकाको साझेदारी रकम रु. | समपुरक अनुदान माग रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | नर्सरी आटीटार वडा कार्यालय छात्रावास सडक कालोपत्रे योजना | २,००,५०,००० | १,००,५०,००० | १,००,००,००० | गत वर्ष दुई वर्षे योजनामा पेश |
| २ | वड्डाडा-धनकोट-उपल्लोखुट्टी बुढीचौर मो.बा.निर्माण योजना | २,००,५०,००० | १,००,५०,००० | १,००,००,००० | सालवसाली (प्रस्तावित) |

**निर्णय नं. २ प्रदेश विशेष अनुदानको प्रस्ताव सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयको च.न. २३६ मिति २०८२।१२।२७ गते पत्र अनुसार आ.ब. २०८३।०८४ का लागि प्रदेश विशेष अनुदान अन्तर्गत तपशिल बमोजिमका कार्यक्रम/योजनाहरुको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम | कुल बजेट | विशेषअनुदान माग रु. | कैफियत |
|---|---|---|---|---|
| १ | उत्पादन अभिवृद्धिका लागि सिंचाई पूर्वाधार निर्माण | ४०,००,०००/- | ४०,००,०००/- | सालबसाली |
| २ | गोलधारा-सिमलपानी लिफ्ट खानेपानी आयोजना सरुमारानी ५ | ४०,००,०००/- | ४०,००,०००/- | सालबसाली |

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वड्डाडा प्युठान लुम्बिनी प्रदेश, नेपाल २०७३

खग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

निविकम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय नं. ३ जग्गा प्राप्ति सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको वडा नं. ६ यस गाउँपालिकाको विपद् प्रभावित वडा/क्षेत्र भएको २०७९ असोज महिनामा आएको अविरल बर्षाका कारण वडा कार्यालय सहित धेरै घरहरु पहिरोले क्षतीभएकोले यस गाउँपालिकाको वडा नं ६ को बुढीचौरमा चालु आ.व. मा विपद् प्रभावित समुदायको लागि वहुउद्देशिय भवन/हल निर्माण योजनाको लागि बजेट समेत ब्यवस्था भएकोले सवै नागरिकलाई पायक पर्ने, सडक, बत्ति पानीको सुविधा भएको, विपद् वाट प्रभावित नभएको, भौगोलिक जटीलता नभएको जग्गा बुढिचौर निवासी चेतनाथ पुनमगरले कि.न. ६२५ मा रहेको जग्गा मध्ये पुर्व तर्फको १-०-०-० (एक रोपनी) रोपनी जग्गा विपद् प्रभावित समुदायको लागि वहुउद्देशिय भवन/हल निर्माण योजनाकोसंरचना वनाउन निशुल्क दान गर्ने ईच्छा ब्यक्त गरेकोले उक्त जग्गालाई ग्रहण गर्ने र सो जग्गा प्राप्ति गर्नको लागि नियमानुसार प्रकृया अगाडी वढाउन सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ हेफर साझेदारी कार्यक्रमको पत्र सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा हेफर प्रोजेक्ट नेपालको मिति २०८२।१२।२६ गतेको पत्र अनुसार यस गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल वीच मिति २०८०।०८।१३ मा कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सन्चालनका लागि भएको संझौता अनुसार उक्त परियोजनाको आवधि २०८३ असार सम्म कायम रहेकोले संझौता अनुसारको वाकी रकम आगामी गाउँसभा अधिवेशनवाट बजेट विनियोजन भए अनुसार गर्ने गरीर गाउँपालिकाले दिएको सुझाव अनुसार कार्याक्रम कार्यान्वयन मोडालिटी सुधार गरी कार्यक्रम कार्यान्वन तथा निरन्तरताका लागि सैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ गाईभैसी प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।**

निविकम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३



झगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

सरुमारानी गाउँपालिकाको आ.ब. २०८२।०८३ को संघीय सशर्त अनुदान कार्यक्रम अन्तर्गत गाउँभैसी प्रवर्द्धन कार्यक्रम संचालनको लागि आर्थिक विकास समितिको मिति २०८२।१२।२३ गतेको वैठकवाट सिफारिस भए वमोजिम श्री सक्रिय कृषि तथा पशुपालन कृषक समूह सरुमारानी -२ लाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६बिबिध सम्बन्धमा।**

- **सरकारी/सार्वजनिक जग्गाको विवरण सम्बन्धमा**

जिल्ला प्रशासन कार्यालय, प्यूठानको च.न.२१७७ मिति २०८२।१२।२६ गतेको पत्र अनुसार यस गाउँपालिकाको सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापनको सवै वडा कार्यालय/अन्य कार्यालय र मालपोल/नापी कार्यालयवाट विवरण माग गरी एकिकृत प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

- **स्वास्थ्य संस्थाको खानेपानी मर्मत संभार सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा नं ५ को ढुंगेगढी स्वास्थ्य चौकीको वर्थिङ्ग सेन्टरमा खानेपानी तथा सरसफाई प्रयोजनको लागि समस्या भएकोले खानेपानी तथा टयाङ्कि मर्मत र मोटर खरिदको लागि विपद् व्यवस्थापन शिर्षकबाट रु. ८०,०००/- रकम छुट्टाउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको वैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८३/०१/०४

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

जग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष